विहादी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
वहाकीठाँटी, पर्वत
गण्डकी प्रदेश, नेपाल

पत्र संख्या :- ०८१/०८२
चलानी नं. :-

मिति :- २०८१।०५।३०
ने.स. ११४४ ञलाथ्व १२ आईतवार

# सूचना नं. ६

## हाईटेक टनेलको प्रयोग सम्बन्धमा ।

प्रस्तुत विषयका सम्बन्धमा गत आर्थिक वर्ष २०८०।०८१ मा तरकारी तथा कृषिजन्य सामाग्रीहरु उत्पादन गरि कृषि उपजमा समृद्ध गाउँपालिका निर्माण गर्ने उद्देश्यले गाउँपालिकाको अनुदानमा गाउँपालिका अन्तर्गतका ९४ जना कृषकहरुको घरमा आधुनिक हाईटेक टनेल निर्माण गरिएको व्यहोरा विदितै छ । कृषकहरुको घरघरमा हाईटेक टनेल निर्माण पश्चात यस गाउँपालिकाको कृषि विकास शाखाबाट समय समयमा गरिएको अनुगमनको आधारमा कतिपय कृषकहरुले टनेल निर्माण गरेको तर हालसम्म पनि उक्त टनेलमा कुनैपनी तरकारी बाली वा कृषिजन्य सामाग्रीहरुको उत्पादन नगरेको तथा स्टोर वा अन्य प्रयोजनको लागि प्रयोग गरेको पाईएकोले गाउँपालिकाबाट अनुदानमा उपलब्ध गराईएको हाईटेक टनेलको उद्देश्य तरकारी तथा कृषिजन्य सामाग्रीहरु उत्पादन गर्नु नै भएकोले टनेलको सहि सदुपयोग गर्नुहुन सम्पूर्ण कृषकहरुमा अनुरोध छ । अन्यथा निर्माण गरि प्रयोग नगर्ने, तरकारी वा कृषिजन्य सामाग्रीहरु उत्पादन नगरि अन्य प्रयोजनको लागि प्रयोग गर्ने कृषकहरुको टनेलको सम्बन्धमा गाउँपालिकाले अन्य व्यवस्था गर्ने सक्ने व्यहोरा समेत जानकारी गराईन्छ ।

परविन गुरूङ
अध्यक्ष